**अनुसूची - २**
**(दफा ४ तथा अनुसूचीको भाग १ सँग सम्बन्धित)**


**चौरजहारी नगरपालिका**

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| **खण्ड :९** | **सङ्ख्या : १५** | **मिति : २०८२/१०/२९** |

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२/११/०४**


चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : चौरजहारी नगरपालिका क्षेत्र भित्रका विद्यालयको रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न अभिभावकहरूको सहभागितामा विद्यालय व्यवस्थापन समिति गठन गर्ने कार्यलाई सरल, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकाले चौरजहारी नगरपालिकाको शिक्षा ऐन, २०७४ दफा ४६ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि चौरजहारी नगरपालिकाका सबै विद्यालयहरुमा लागू हुनेछ।

(३) यो कार्यविधि नगर चौरजहारी नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२: **परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) 'सामुदायिक विद्यालय' भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(ख) 'व्यवस्थापन समिति' भन्नाले प्रचलित शिक्षा ऐनबमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ।

(ग) 'सहयोग समिति' भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(घ) 'अभिभावक' भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम परिभाषित गरिएको व्यक्ति सम्झनुपर्छ।

(ङ) 'चन्दादाता' भन्नाले सामुदायिक विद्यालयलाई दश लाखभन्दा बढी नगद वा जिन्सी सहयोग उपलब्ध गराउने व्यक्ति वा अभिभावकलाई सम्झनुपर्छ।

(च) 'संस्थापक' भन्नाले विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरुदेखि निरन्तर उल्लेख्य सहयोग पुयाउने वा सो को अगुवाई गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(छ) 'शिक्षाप्रेमी बुद्धिजिबी' भन्नाले शिक्षाप्रति सकारात्मक सोच भएका, सामाजिक विकास एवं शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुयाउने व्यक्ति सम्झनुपर्छ।

(ज) 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा पठन पाठन गर्ने हरेक वर्षको वैशाख एक देखि चैत्र मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ।

(झ) 'संयोजक' भन्नाले दफा ३ बमोजिम गठित समितिको संयोजकलाई सम्झनुपर्छ।

(ञ) 'शिक्षा ऐन' भन्नाले चौरजहारी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(ट) 'कार्यविधि' भन्नाले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्छ।

## परिच्छेद २
## छनोट सहयोग समितिको गठन

३. **सहयोग समितिको गठन** : (१) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको छनोट गर्ने सम्बन्धमा अभिभावकहरुलाई सहयोग गर्नका लागि देहायबमोजिमको सहयोग समिति गठन हुनेछः

(क) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा अधिकृत – संयोजक

(ख) वडा कार्यालयले सिफारिस गरेको एक जना सदस्य – सदस्य

(ग) सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) उपदफा (४) बमोजिमको समिति गठन गर्दा शिक्षा अधिकृत उपलब्ध नभएमा नगरपालिकाले खटाएको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा समिति गठन गरिने छ।

(३) उपदफा (१) मा उल्लेखित समितिलाई अन्य कर्मचारी र स्वयंसेवकको आवश्यकता परेमा सहयोग समितिले आवश्यकता अनुसार शिक्षक तथा कर्मचारीलाई काममा लगाउन सक्नेछ।

(४) यसरी कामको जिम्मेवारी तोकिएका कर्मचारीलाई काजमा खटाई सहयोग गर्नु सम्बन्धित कार्यालय तथा विद्यालयको कर्तव्य हुनेछ।

(५) छनोट समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले तय गरे बमोजिम हुनेछ।

**४. सहयोग समितिको काम, कर्तव्य र अधिकार** : सहयोग समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(१) अभिभावक भेला बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(२) विद्यालय व्यवस्थापन गठनमा सहयोग गर्ने प्रयोजनका लागि कर्मचारी तथा स्वयम् सेवकहरुलाई छनौट तथा प्रबोधीकरण गर्ने,

(३) अभिभावक भेलाबाट सम्भव भएसम्म निर्विरोध छनौटका लागि पहल गर्ने,

## परिच्छेद ३
## अभिभावकको परिभाषा र नामावली

**५. अभिभावकको परिभाषा र नामावली सम्बन्धी व्यवस्था** : (१) विद्यालयले विद्यार्थीका एकाघरका बाबु, आमा, बाजे, बज्यै वा विद्यार्थीको पालनपोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्नेछ तर विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ।

(२) विवाहित छात्राको हकमा छात्राको पति, सासु, ससुरा, बाबु वा आमा मात्र अभिभावक मानिने छ।

(३) विद्यार्थीको माथि उल्लेखित नाता पर्ने व्यक्ति नभए निजलाई पालन पोषण र संरक्षण गर्ने संरक्षक अभिभावक भनी वडाले सिफारिश गरी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति अभिभावक बन्न सक्ने छ।

(४) विद्यार्थीको अभिभावकको नामावली अद्यावधिक र प्रमाणित प्रधानाध्यापकले शैक्षिक सत्र सुरु भएको ३० दिनभित्र गरी सोको अभिलेख राख्नुपर्ने छ।

(५) प्रधानाध्यापकले उपनियम बमोजिम शैक्षिक सत्रको सुरूमा अभिभावकको नामावली अद्यावधिक गर्दा सात दिनको सूचना दिई अभिभावकको नामावली हेरफेर गर्न वा सच्याउन अवसर प्रदान गर्नु पर्नेछ र यसरी सूचनामा तोकिएको मितिभित्र प्रमाणसहित अभिभावकको नामावली सच्याउन निवेदन परेमा प्रधानाध्यापकले फरक परेको नाम सच्याउन सक्नेछ।

(६) एक शैक्षिक सत्रको लागि यसै नामावलीलाई आधिकारिक मान्नु पर्नेछ र यसपछि थपघट गर्न वा सच्याउन सकिने छैन तर विद्यालयले विवाह, कर्मचारीको सरुवा, बसाइसराइ वा अन्य कुनै कारणले कुनै विद्यार्थी स्थानान्तरण भएर आए वा विद्यालयबाट गए प्रमाणसहित अभिभावकको नामावली शैक्षिक सत्रको बीचमा समेत अद्यावधिक गर्न सक्ने छ।

(७) एकै अभिभावकको एक भन्दा बढी बालबालिका विद्यालयमा अध्ययनरत भएमा उक्त अभिभावकले मत प्रकट गर्ने अवस्थामा एक मत मात्र प्रकट गर्न पाउनेछ।

(८) विद्यालयमा भर्ना भई बीचैमा विद्यालय छाडेमा उक्त अभिभावकको नाम अभिभावकको नामावलीबाट हटाइनेछ।

## परिच्छेद ४

## छनौट समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

६. **व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको सदस्यहरू छनोट गर्ने प्रयोजनका लागि शैक्षिक सत्र सुरु भएको ३० दिन भित्र कम्तिमा सात दिनको सूचना दिई प्रधानाध्यापकले अभिभावकको भेला बोलाउनुपर्नेछ तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्यको छनौट गर्ने प्रयोजनका लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनु भन्दा ३० दिन अगावै र अन्य अवस्थामा अध्यक्ष र सदस्य पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको १५ दिन भित्र अभिभावक भेला गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम अभिभावक भेला बोलाउने मिति तय गर्दा विद्यालय व्यवस्थापन समितिले सहयोग समितिको संयोजक र सदस्यहरूसँग राय लिई मिति तय गर्नुपर्ने छ।

(३) सहयोग समितिले उपदफा (१) र (२) बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनोट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र सुरु भएको तीस दिनभित्र कम्तीमा सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अभिभावकलाई भेला गराउनु सात दिन अघि प्रधानाध्यापकले **अनुसूची १** बमोजिमको ढाँचामा अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्नेछ।

(५) उपदफा (५) अनुसार प्रकाशित अभिभावकको नामावलीमा नाम, थर ठेगाना फरक परेमा अभिभावक भेलाको कम्तीमा ५ दिन अघि नामावली सच्याउनको लागि सम्बन्धित अभिभावकले प्रमाण सहित विद्यालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (७) बमोजिम प्रकाशित नामावलीमा नाम समावेश भएको अभिभावकको नामावलीको विरोध गरी अर्को कुनै अभिभावकले उजुर गर्न चाहेमा अभिभावक भेलाको २ दिन अगावै तोकिएको मिति, समय र स्थानमा **अनुसूची २** बमोजिम उजुरी सहयोग समिति समक्ष दिन सक्नेछ।

(८) उजुरी अध्ययन गरी अभिभावकको नामावली संसोधन गर्नु पर्ने भए संसोधन गरी निर्वाचन कार्यक्रममा तोकिएको समयमा अन्तिम नामावली प्रकाशित गर्नु पर्नेछ।

७. **समिति सदस्य र छनोटको अधिकारमा अभिभावक** : (१) विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा समितिको सदस्य हुनका लागि बाबु वा आमा वा EMIS मा बाजे / बज्यै अभिभावकका रुपमा उल्लेख भएको हुनुपर्नेछ।

(२) बुवा/आमा/बाजे/बज्यै/वडा कार्यालयले सिफारिस गरेको संरक्षकले मात्र समिति सदस्य छनोट प्रक्रियामा मत जाहेर गर्न पाउँनेछन्।

८. **गणपुरक सङ्ख्या :** (१) सम्पूर्ण अभिभावक मध्ये ५१ प्रतिशत अभिभावकको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ।

(२) पहिलो पटक आह्वान गरेको भेलामा ५१ प्रतिशत अभिभावक उपस्थित हुन नसकेर विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया अघि बढ्न नसकेमा दोस्रो पटक भेलाको आह्वान गरी जति अभिभावक उपस्थित भए पनि गणपूरक सङ्ख्या पुगेको मानी विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया अघि बढाउन सकिनेछ।

९. **भेला स्थगित वा बदर नहुने** : कुनै अभिभावकले सूचना पाइन वा कार्य व्यस्त भएको वा कुनै अभिभावकको अनुपस्थिति भएका आधारमा मात्र भेला रोकिने वा स्थगित वा बदर हुने छैन।

१०. **भेलाको अध्यक्षता** :(१) विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त हुनुपूर्व बोलाइएको भेलाको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(२) उपदफा १ बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्धारित पदावधि समाप्त भइसकेको र शिक्षक अभिभावक सङ्घको निर्धारित पदावधि कायम रहेको अवस्थामा शिक्षक अभिभावक सङ्घको अध्यक्षले भेलाको अध्यक्षता गर्नेछ।

(३) उपदफा १ र २ बमोजिमको अवस्था नरहेको अवस्थामा ज्येष्ठ अभिभावकले भेलाको अध्यक्षता गर्नेछ।

## परिच्छेद ६
## सदस्य छनौट सम्बन्धी व्यवस्था

११. **उम्मेदवारको योग्यता** : व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछ :-

(क) अभिभावकको नामावलीमा नाम भएको (अभिभावकहरू मध्येबाट आउने ४ जनाको हकमा)

(ख) नेपाली नागरिक,

(ग) २५ वर्ष उमेर पूरा भएको,

(घ) विद्यायलमा सञ्चालित कक्षा मध्ये सबैभन्दा माथिल्लो वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ङ) अध्यक्षको लागि भए वडा अध्यक्ष, वडा सदस्य, बहालवाला शिक्षक वा बहालवाला कर्मचारी नभएको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको,

(छ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, तोडफोड तथा आगजनी, लागू औषध विक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तु ओसारपसार, राहादानी दुरुपयोग, जातीय भेदभाव तथा छुवाछुत, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(ज) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन नदिएको,

(झ) संस्थागत विद्यालय वा अन्य शैक्षिक संस्था वा शैक्षिक परामर्श सेवा प्रदायक संस्थामा लगानी नभएको,

(ञ) विद्यालय व्यवस्थापन समिति गठन हुनुभन्दा कम्तीमा पाँच वर्ष अगाडि देखि कुनै राजनीतिक दलको सदस्यता नलिएको (राजनीतिक दलको सदस्यता लिए नलिएको सम्बन्धमा दावी गर्नु परेमा उम्मेदवारीका बखत दावी गर्ने उजुरी कर्ताले प्रमाण पेस गर्नुपर्ने छ)

(ट) राजनीतिक नियुक्ति बाहेक नियमित तलब भत्ता खाने गरी लाभको पद धारण नगरेको,

(ठ) शिक्षक तथा कर्मचारीबाट अवकाश भएको दुई वर्ष पूरा भएको,

(ड) कुनै सरकारी निकाय, सङ्घ संस्थाको बेरुजु वा पेश्की बेरुजु फछ्यौट गर्न बाँकी नरहेको ।

**१२. <u>छनौट कार्यक्रम प्रकाशन</u>** : सहयोग समितिले विद्यालय व्यवस्थापन समितिको सदस्य पदको लागि छनौट मिति र समय घोषणा गरे पश्चात समितिका सदस्यहरुको समन्वयमा **<u>अनुसूची ३</u>** को ढाँचामा देहाय बमोजिमका सदस्य छनौट कार्यक्रम प्रकाशन गर्नु पर्नेछ :-

(क) उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने.

(ख) मनोनयन पत्र दर्ता भएका उम्मेदवारहरूको सूची प्रकाशन गर्ने,

(ग) उम्मेदवारको विरोधमा उजुरी दिने.

(घ) मनोनयन पत्रको जाँच गर्ने र उजुरी उपर निर्णय गर्ने,

(ङ) उम्मेदवारको नामावली प्रकाशन गर्ने,

(च) उम्मेदवारले नाम फिर्ता लिने,

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने,

(ज) सहमतिका लागि समय निर्धारण गर्ने ।

**१३. <u>मनोनयन दर्ता</u>**: (१) उमेदवार हुन योग्यता पुगेको कुनै पनि व्यक्तिले विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनयन दर्ता <u>अनुसूची ४</u> मा उल्लिखित फारमको ढाँचामा गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम मनोनयन दर्ता गराउन एक जना प्रस्तावक र अर्को एक जना समर्थक हुनुपर्ने छ । प्रस्तावक र समर्थक अभिभावकको सूचीमा नाम दर्ता भएको व्यक्ति हुनुपर्ने छ ।

(३) उमेदवार आफै उपस्थित भइ मनोनयन पत्र सहयोग समितिमा दर्ता गराउनुपर्ने छ ।

**१४. <u>मनोनयन शुल्क र खर्च</u>** : (१) उम्मेदवारले मनोनयनपत्र दाखिला गर्दा आधारभूत (कक्षा १-५), आधारभूत (कक्षा १ -८), माध्यमिक (१-१०) र माध्यमिक (१-१२) विद्यालयमा क्रमश : एक हजार, एक हजार पाँच सय, दुई हजार र दुई हजार पाँच सय मनोनयन शुल्क बुझाउनु पर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको सदस्य पदको उम्मेदवार हुनको लागि लिएको मनोनय शुल्क फिर्ता हुने छैन।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

(३) मनोनयन वापत लिएको शुल्कको रकम सहयोग समितिले विद्यालय व्यवस्थापन समिति गठन कार्यमा आवश्यक खर्च गर्नसक्नेछ ।

(४) मनोनयन शुल्क वापतको रकमले आवश्यक खर्च अपुग भएमा विद्यालय खाताको अन्य रकमबाट खर्च गर्न सकिनेछ ।

१५. **मनोनयनपत्र दर्ता गर्नुभन्दा पहिले जाँच गर्ने:** (१) छनौट समितिका संयोजकले आफू समक्ष दर्ताको लागि प्राप्त भएको मनोनयनपत्र दर्ता गर्नु भन्दा पहिले देहायको आधारमा मनोनयन पत्रको जाँच गर्नुपर्नेछ ।

(क) मनोनयनपत्रमा मनोनित उम्मेदवार प्रस्तावक र समर्थक अभिभावकको सूचीमा सूचिकृत हुनुपर्नेछ ।

(ख) मनोनयन पत्रमा मनोनित उम्मेदवार प्रस्तावक समर्थकको दस्तखत हुनुपर्नेछ ।

(ग) दर्ता शुल्क राखेको नगदी रसिद वा बैंक भौचर संलग्न हुनुपर्नेछ ।

(घ) अनुसूची १ बमोजिको ढाँचामा अभिभावकको नामावलीमा नाम समावेश भएको हुनुपर्नेछ ।

(ङ) दफा ११ बमोजिम योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ ।

(च) प्रस्तावक वा समर्थक दोहोरिएको हुनुहुँदैन त्यसरी दोहोरिएको पाइएमा पहिलो दर्तालाई मान्यता दिइनेछ ।

(छ) मनोनित उम्मेदवार स्वयं अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुनुहुदैन ।

(२) संयोजकले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा दफा १५ बमोजिम दर्ता भएका सबै मनोनयनपत्र जाँच गर्दा सबै उम्मेदवार वा निजको प्रस्तावक वा समर्थक को उपस्थितिमा जाँच गर्नुपर्नेछ र जाँच गर्दा कानुन बमोजिम रीत पुगेका मनोनयन पत्र स्वीकृत गर्नुपर्नेछ ।

(३) मनोनयनपत्र जाँच गर्दा तोकिएको समयमा माथि उल्लेख भए बमोजिम उपस्थित रहनुपर्ने व्यक्ति उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्ने काम रोकिने छैन ।

(४) मनोनित उम्मेदवारको मनोनयनपत्र जाँच गरिसकेपछि नियमानुसार भएको मनोनयनपत्र **अनुसुची ५** बमोजिम ढाँचामा सोही दिन दर्ता गर्नुपर्नेछ ।

१६. **उम्मेदवारको सूची प्रकाशित गर्ने** : (१) सहयोग समितिले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि दफा १५ बमोजिम मनोनयन दर्ता भएका सबै उम्मेदवारहरुको नामावली **अनुसूची ६** बमोजिम प्रकाशित गर्नुपर्नेछ ।

१७. **उम्मेदवारको विरोधमा उजुरी दिन सकिने** : (१) दफा १६ बमोजिम प्रकाशित सूचीमा उल्लिखित मनोनित उम्मेदवारको विरोधमा सोही पदको अर्को उम्मेदवारले उजुरी गर्न चाहेमा **अनुसूची ७** बमोजिमको उजुरी निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा रु. एक हजारको रसिद सहित सहयोग समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम उजुरी पेस गर्दा उजुरी कर्ताले नै निवेदनसहित अनिवार्य रुपमा प्रमाण समेत प्रेस गर्नुपर्नेछ ।

(३) निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित उजुरी दिने म्याद समाप्त भएपछि समितिले उजुरीको व्यहोरा समेत उल्लेख गरिएको **अनुसूची ८** बमोजिमको उजुरीको सूची सम्बन्धित विद्यालयमा टाँस गर्नुपर्नेछ ।

गौरीसहरि गाउँपालिका, रुकुम (पश्चिम भाग)

१८. **विपक्षीलाई सफाइ पेस गर्ने मौका दिने:** दफा १७ बमोजिम उजुरी दर्ता भएमा विपक्षीलाई आफ्नो सम्बन्धमा सफाइ पेस गर्न मनासिव मौका दिनुपर्नेछ ।

१९. **उजुरीको निर्णय गर्ने:** कुनै मनोनित उम्मेदवारको योग्यता वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा दफा १७ बमोजिम कुनै उजुरी दर्ता भएको रहेछ भने संयोजकले दफा १५ बमोजिम मनोनयनपत्रको जाँच गर्दा सो उजुरीको सम्बन्धमा पनि आवश्यक जाँचबुझ गरी सो उजुरी उपर निर्णय गर्नुपर्नेछ ।

२० **मनोनयनपत्र बदर गर्ने:** (१) संयोजकले दफा २० बमोजिम निर्णय लिँदा वा दफा १५ बमोजिम मनोनयनपत्रको जाँच गर्दा देहाय बमोजिमको अवस्थाको मनोनयन पत्र बदर गर्नुपर्नेछ ।

(क) दफा ११ वमोजिम उम्मेदवारको योग्यता नपुगेको अवस्थामा,

(ख) दफा १४ बमोजिम धरौटी रकम नबुझाएमा,

(ग) उम्मेदवारको प्रस्तावक वा समर्थकको सही नभएमा,

(घ) उम्मेदवार प्रस्तावक वा समर्थकको नाम अभिभावकको सूचीमा नभएमा,

(ङ) मनोनयन गरिएको उम्मेदवारको स्वीकृती र सही नभएमा,

(२) उपदफा १ मा उल्लेख भए बाहेक समितिले मनासिव देखेका सानोतिनो भुलचुकमा मनोनयनपत्र बदर गरिने छैन ।

२१. **उम्मेदवारको नामावली प्रकाशन गर्ने:** संयोजकले सबै मनोनयनपत्रहरू जाँच गरिसकेपछि कानुन बमोजिम रीत पुगेको उम्मेदवारको अन्तिम नामावली **अनुसूची ९** बमोजिम तयार गरी प्रकाशित गर्नुपर्नेछ ।

२२. **उम्मेदवारले नाम फिर्ता लिन सक्ने** : (१) दफा २१ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि सो नामावलीमा उल्लेख भएको उम्मेदवारले आफू उम्मेदवार हुन नचाहेमा तोकिएको समयभित्र नामावलीबाट आफ्नो नाम फिर्ता लिन **अनुसूची १०** बमोजिमको ढाँचामा निवेदन दिई नाम फिर्ता लिन सक्नेछ ।

(२) यसरी नाम फिर्ता लिएको सूचना सहयोग समितिले **अनुसूची ११** को ढाँचामा टाँस गर्नुपर्नेछ ।

२३. **उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने:** उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि दफा २२ बमोजिम कायम रहेका उम्मेदवारहरुको अन्तिम नामावली **अनुसूची १२** बमोजिमको ढाँचामा प्रकाशित गर्नुपर्ने छ ।

२४. **सहमति गर्ने :** (१) सहयोग समितिले अभिभावकहरूको आपसी सहमतिमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रक्रियालाई प्राथमिकता दिनुपर्नेछ ।

२५. **निर्विरोध छनौट** (१) उम्मेदवारको सङ्ख्या र छनौट हुने पद सङ्ख्या बढी नभएको अवस्थामा सो मनोनयन पत्र कानून बमोजिम भएमा सदस्यहरु निर्बिरोध छनौट हुन सक्नेछन् ।

२६. **छनोट भएको घोषणा गर्ने** (१) दफा २५ बमोजिम उम्मेदवार छनौट भएमा संयोजकले **अनुसूची १३** को ढाँचामा घोषणाको तीन प्रति तयार गर्न पर्नेछ र सो घोषणाको एकप्रति प्रकाशित गर्न पर्नेछ, एक प्रति छनौट भएका उम्मेदवारलाई दिनु पर्नेछ र बाँकी एक प्रति विद्यालयमा अभिलेखको रुपमा राखु पर्नेछ ।

२७. **प्रमाण पत्र दिने** : दफा २६ बमोजिम सहयोग समितिको संयोजकले छनौट भएका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई **अनुसूची १४** बमोजिमको ढाँचामा विद्यालय व्यवस्थापन समितिको सदस्य पदमा छनौट भएको प्रमाणपत्र दिनु पर्नेछ ।

२८. **<u>सपथ ग्रहण</u>** : छनौट भएका सदस्यहरूले सहयोग समितिको संयोजक समक्ष **<u>अनुसूची १५</u>** बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ ।

२९. **<u>विद्यालय व्यवस्थापन समितिलाई पूर्णता दिने:</u>** (१) शिक्षक प्रतिनिधि, वडा सदस्य बाहेकका सदस्यहरू मनोनित गर्नुपरेमा अभिभावकबाट छनोट भएका चार जना सदस्य र प्रधानाध्यापकले बैठकले मनोनित गर्नेछ ।

(२) अध्यक्ष चयन गर्दा अभिभावकबाट छनोट भएको सदस्य योग्य हुनेछ ।

(३) अध्यक्ष छनोट पदेन सदस्यसहितको समितिको बैठकबाट हुनेछ ।

३०. **<u>पदावधि</u>** : (१) सदस्यहरूको पदावधि सामान्यतया तीन वर्षको हुनेछ ।

(२) पद अनुसारको आचरण गरेको नदेखिएमा यसरी छान्ने अभिभावकले जुनसुकै बखत पदबाट हटाउन सक्नेछन् ।

३१. **<u>पदको समाप्ति</u>** : (१) अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा समाप्त हुनेछ :

(क) राजीनामा दिएमा,

(ख) मृत्यु भएमा,

(ग) कुनै फौजदारी अभियोगमा सजाय पाउने गरी अदालतबाट कसुरदार ठहरीएमा.

(घ) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ङ) लगातार ३ वटा भन्दा बढी बैठकमा बिना सूचना अनुपस्थित भएमा,

(च) सोही वा अन्य विद्यालयको शिक्षक वा कर्मचारी पदमा नियुक्ति भई गएमा,

(छ) बाल विवाह अनमेल विवाह वा अन्य कुनै सामाजिक कुरीति वा अन्धविश्वास बहु विवाह जस्ता कार्यहरू गरेमा वा घरेलु हिंसामा संलग्न भएमा ।

(ज) माथि उल्लेखित (ङ) बमोजिम पदबाट हटाउँदा सम्बन्धित व्यक्तिलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन।

३२. **<u>रिक्त पदपूर्ति सम्बन्धी व्यवस्था :</u>** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको पदावधि सकिनु ६ महिना अगाबै उक्त पद रिक्त भएमा जुन प्रक्रियाबाट छनौट भएको हो बाँकी अवधिसम्मका लागि सोही प्रक्रिया र क्षेत्रबाट छनौट गरिनेछ ।

३३. **<u>शिक्षक प्रतिनिधि सम्बन्धी व्यवस्था</u>** : (१) शिक्षक प्रतिनिधि छनोट गर्दा प्रधानाध्यापकले शिक्षक स्टाफको बैठक बोलाइ उक्त विषयलाई बैठकको प्रस्तावको रूपमा राखेर सर्वसम्मत वा बहुमतको आधारमा सिफारिस गर्नुपर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिमा छनौट हुने शिक्षक आधारभूत तहदेखि माध्यमिक तहसम्म स्थायी शिक्षकहरूमध्येबाट छनौट गरिनेछ यदि कुनै विद्यालयमा स्थायी शिक्षक नरहेको अवस्थामा क्रमश स्वीकृत दरबन्दीका करार, राहत अनुदान, सङ्घ अनुदान र नगर शिक्षकहरू मध्येबाट छनौट गर्न सकिनेछ ।

३४. **<u>स्थानीय बुद्धिजीवी र चन्दादाता सम्बन्धी व्यवस्था</u>** : (१) विद्यालयको स्थापना गर्ने वा स्थापना र विकासमा शुरू देखि निरन्तर सहयोग पुयाउने वा सो को अगुवाई गर्ने संस्थापक तथा शिक्षाप्रति सकारात्मक सोच भएका

सामाजिक विकास एवं शैक्षिक चेतना अभिवृद्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गले टेवा पुऱ्याउने स्थानीय बुद्धिजिवी शिक्षाप्रेमीहरूमध्येबाट एक जनालाई व्यवस्थापन समितिको सदस्य पदमा विद्यालय व्यवस्थापन समितिले मनोनित गर्नुपर्नेछ।

(२) आधारभूत विद्यालयलाई पचास हजार र माध्यमिक विद्यालयलाई २ लाख रूपैयाँ भन्दा बढी रकम बराबरको नगद वा जिन्सी चन्दा प्रदान गरेका चन्दादाता वा जग्गा दाताहरूमध्येबाट एक जनालाई व्यवस्थापन समितिको सदस्य पदमा विद्यालय व्यवस्थापन समितिले मनोनित गर्नुपर्नेछ।

३५. **उजुरी गर्न सक्ने** : (१) यस कार्यविधि अनुसार गठन भएको विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका सम्बन्धमा विद्यालयका वास्तविक अभिभावकहरूलाई चित्त नबुझेमा मनासिब कारण सहित छनौट भएको मितिले ३ दिन भित्र सम्बन्धित विद्यालयमा उजुरी दिन सक्नेछ र सो को बोधार्थ शिक्षा युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ।

(२) यसरी रितपूर्वकको उजुरी तोकिएको समय भित्र विद्यालयमा प्राप्त भएमा प्रधानाध्यापकले सहयोग समितिको बैठक बोलाइ सो सम्बन्धमा सम्बन्धित पक्ष तथा आवश्यकतानुसार अन्य अभिभावकहरूलाई समेत बोलाइ छानबिन एवम् अध्ययन गरी समाधान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विद्यालय व्यवस्थापन समितिले समाधान गर्न नसकेमा नगर कार्यपालिकाको कार्यालयले सो सम्वन्धमा यथार्थ बुझी वा बुझ्न लगाइ नियमानुसार निर्णय गर्न सक्नेछ।

चौराजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## परिच्छेद ७

## विविध

३६. **सहयोग समितिले आवश्यक कार्य गर्न सक्ने**: विद्यालय व्यवस्थापन समिति छनौट सहयोग समितिले पदाधिकारी छनौट प्रक्रिया सम्पन्न गर्नका तथा यस कार्यविधिको भावनाको प्रतिकुल नहुने गरी सल्लाह लिन, उपयुक्त आचार संहिता निर्माण गर्न तथा छनौट प्रक्रियालाई स्वच्छ, निष्पक्ष र मर्यादित ढंगले सम्पन्न गर्न आवश्यक कार्य गर्न सक्नेछ।

३७. **निर्वाचन सम्बन्धी विशेष व्यवस्था** : (१) विद्यालयको सर्वाङ्गीण विकास र हितका लागि सहमतिका आधारमा विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

(२) सहमतिमा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा वार्षिक परीक्षा भइसकेको अवस्थामा नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्ना भइसकेपछि मात्र निर्वाचन प्रक्रियाबाट सदस्य छनोट गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

(३) कक्षा ११ मा अध्ययरत विद्यार्थी परीक्षा दिइसकेको भएता पनि सोही विद्यालयमा अध्ययनरत हुने भएकोले स्वत: अभिभावक कायम गर्नुपर्नेछ।

(४) मतदानका लागि नियमित रुपमा अध्ययनतर विद्यार्थीका अभिभावक मात्र योग्य हुनेछन् र आंशिक विद्यार्थीका अभिभावकहरूले उम्मेदवार बन्न र मताधिकार प्रयोग गर्न पाउँने छैनन् ।

३८. **सबैको कर्तव्य हुने** : यस कार्यविधिको पालना गर्नु चौरजहारी नगरपालिकामा भित्र सञ्चालित सबै सामुदायिक विद्यालय तथा सरोकारवालाहरूकोकर्तव्य हुनेछ ।

३९. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिले व्यवस्था गरेका कुनै प्रावधान कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउनु परेमा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आवश्यक परिपत्र वा निर्देशन दिन सक्नेछ ।

४०. **कार्यविधिमा संशोधन** : यस कार्यविधिमा समायनुकूल संशोधन गर्नुपर्ने अवस्था आएमा चौरजहारी नगरपालिकाले संशोधन गरी लागू गर्न सक्नेछ ।

४१. **अनुसूचीमा हेरफेर**: नगर कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

४२. **बाझिएमा अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुरा प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म यस कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

४३. **बचाउ** : यस अघि भए गरेका कार्यहरू यसै कार्यविधि अनुसार भए सरह मानिनेछ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची १**

**(दफा ६ (५) सँग सम्बन्धित)**

**अभिभावकको नामावली**

श्री .............. विद्यालय .......... चौरजहारी नगरपालिका- ...... रुकुम (पश्चिम भाग)

| क्र.स. | विद्यार्थीको नाम | स्थायी ठेगाना | कक्षा | बाबुको नाम | आमाको नाम | अभिभावक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

तयार गर्ने　　　　　　　　　　　　प्रमाणित गर्ने

**अनुसूची २**
**(दफा ६ (८) सँग सम्बन्धित)**

## अभिभावकको नाम हटाउन विरोध गरिदिने उजुरी दस्तखत

**मिति :**

श्री संयोजकज्यू
श्री ........... विद्यालय ...........चौरजहारी नगरपालिका ....... रुकुम (पश्चिम भाग)

विषय : अभिभावकको नाम हटाउन दावी विरोध गरिएको सम्बन्धमा।

उपर्युक्त विषयमा यस विद्यालयको मिति .............. गते प्रकाशित नामावली क्र.स. ................. का अभिभावक श्री ............ निम्न लिखित कारणले अभिभावक नरहेको हुँदा निजलाई अभिभावकको सूचीमा श्री ................. लाई समावेश गर्न / हटाउन अनुरोध छ।

हटाउनु / समावेश गर्नुपर्ने कारण : .......................................................

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

उजुरीकर्ताको

नाम :
ठेगाना :
सही :
मिति :

**अनुसूची ३**
**(दफा १२ सँग सम्बन्धित)**

## विद्यालय व्यवस्थापन समिति सदस्य छनोट कार्यक्रमको सूचना !

श्री ....................विद्यालय ..............चौरजहारी नगरपालिका........, रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्यहरूको छनोट गर्न मिति ............. गते विद्यालयमा बसेको अभिभावक भेलाको निर्णय अनुसार चौरजहारी नगरपालिकाको 'विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२' को दफा १२ बमोजिम 'विद्यालय व्यवस्थापन समिति सदस्य छनोट कार्यक्रम' तपसिलबमोजिम रहेकोले सम्बन्धित अभिभावकहरू उपस्थित हुने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमहरू | मिति | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | उम्मेदवार मनोनयनपत्र दर्ता | | | | | |
| २ | मनोनयन पत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशन | | | | | |
| ३ | उम्मेदवारको विरोधमा उजुरी दिन सकिने | | | | | |
| ४ | मनोनयनपत्रको जाँच र उजुरी उपर निर्णय | | | | | |
| ५ | उम्मेदवारको नामावली प्रकाशन | | | | | |
| ६ | उम्मेदवारले आफ्नो नाम फिर्ता लिने | | | | | |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | | | | | |
| ८ | चिन्ह प्रदान | | | | | सहमति हुन नसकेमा |
| ९ | मतदान | | | | | |

**संयोजक**
नाम :
हस्ताक्षर :
मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची ४**
**(दफा १३ (१) सँग सम्बन्धित)**
उम्मेदवारको मनोनयन पत्र

श्री संयोजकज्यू
विद्यालय व्यवस्थापन गठन सहयोग समिति
श्री ........... विद्यालय ...........चौरजहारी नगरपालिका ....... रुकुम (पश्चिम भाग)

विषय : मनोनयन गरेको सम्बन्धमा ।

उपर्युक्त विषयमा श्री ........... विद्यालय ...........चौरजहारी नगरपालिका ....... रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समितिको खुला / महिला सदस्य पदमा छनौट हुनका लागि श्री ................... लाई म प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्दछु । निजको विवरण तपसिलबमोजिम छ ।

१. नाम थर : २. उमेर
३. लिङ्ग ४. स्थायी ठेगाना :
४. विद्यालयमा अध्ययनरत विद्यार्थीको नाम : ६. कक्षा :
५. विद्यार्थीसँगको नाता : ७. अभिभावक नामावलीमा क्र.स. :

प्रस्तावकको नाम :
स्थायी ठेगाना :
अभिभावक नामावलीमा क्र.स. :
सही :
मिति :

प्रस्तावक श्री .......................... ले माथि उल्लेख गरेबमोजिम श्री ............................ विद्यालय .............. को ......... पदको निर्वाचनका लागि ..................... लाई उम्मेदवार मनोनयन गर्नुभएको प्रस्तावको समर्थन गर्दछु ।

समर्थकको नाम :
स्थायी ठेगाना :
अभिभावक नामावलीमा क्र.स. :
सही :
मिति :

**मनोनित उम्मेदवारले भर्ने**

मलाई श्री ............. ले सो प्रस्तावको समर्थन गरी विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम श्री ......... विद्यालय ................ को विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्य पदमा छनोट हुनुका लागि उम्मेदवार हुन मञ्जुर छु ।

नाम : मिति : हस्ताक्षर :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

(क) नगरपालिकाको शिक्षा ऐन र नियमावली प्रति पूर्ण निष्ठावान रहनेछु ।

(ख) नगरपालिका नगरपालिकाको शिक्षा ऐन दफा एवम् विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ र प्रचलित कानुनबमोजिम ...... पदको उम्मेदवार हुन मेरो योग्यता पुगेको छ ।

(ग) यो मनोनयनपत्र साथ निम्न लिखित कागजातहरू संलग्न गरेको छ :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि थान १

३. दफा ............ बमोजिमको रकम धरौटी राखेको बैङ्क भौचर वा नगदी रसिद थान १

उम्मेदवारको सही :

मिति :

मोबाइल नं. :

**(संयोजक वा सहयोग समितिले भर्ने)**

यो मनोनयनपत्र मिति .............. को दिन .................... बजे मनोनित उम्मेदवार समर्थक / प्रस्ताव / श्री ................ ले मेरो दर्ता गरेको हो ।

सही :

नाम :

मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची ५**
**(दफा १५ (४) सँग सम्बन्धित)**

श्री ........................ विद्यालय ................ चौरजहारी नगरपालिका ........... रुकुम (पश्चिम भाग)

**मनोनयपत्र दर्ताको ढाँचा**

| मनोनयन पत्रको दर्ता नं. | मनोनित उम्मेदवारको विवरण | प्रस्तावको विवरण | समर्थकको विवरण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

विद्यालयको छाप

**प्रमाणित गर्ने**
नाम :
पद :
सही :
मिति :

**अनुसूची ६**
**(दफा १६ सँग सम्बन्धित)**

**<u>मनोनित उम्मेदवारको नामावली प्रकाशन</u>**

| क्र स | मनोनयन पत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर (वर्णानुक्रम अनुसार) | स्थायी ठेगाना | बाबु / पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

सहयोग समितिको
सही :
मिति :

**अनुसूची ७**
**(दफा १७ (१) सँग सम्बन्धित)**

**उम्मेदवारको विरोधमा दिइने उजुरी**

श्री संयोजकज्यू
सहयोग समिति

श्री ................ विद्यालय ........... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग)

**विषय : उम्मेदवारको विरोधका लागि निवेदन पेस गरेको सम्बन्धमा ।**

श्री ................ विद्यालय ........... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्यको पदमा उम्मेदवार हुनको लागि दर्ता नम्बर.......... मा मनोनयन पत्र दर्ता भएका ........... श्री .............. निम्न कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाऊँ भनि निवेदन पेस गर्दछु ।

उजुरी दिनुपर्ने कारण : ............................

**उजुरीकर्ताको**
नाम :
ठेगाना :
सही :
मिति :
समय :

**निर्णय**

चौरजहारी नगरपालिकाको विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम यो उजुरी उपर जाँच गरेर निम्न लिखित निर्णय गरियो ।

निर्णयको सङ्क्षिप्त व्यहोरा

नाम :
मिति :
समय :
सही :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची ८**
**दफा १७ (२) सँग सम्बन्धित**
**उम्मेदवारको विरोध सम्बन्धी उजुरीको सूचना**

श्री .................. विद्यालय .................. चौरजहारी नगरपालिका ........... रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनोट हुनका लागि तपसिलका उम्मेदवारहरूको विरोधमा उजुरी परेकोले जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| उजुरी दर्ता नं. | उजुरीकर्ता उम्मेदवारको विवरण | | विपक्षी उम्मेदवारको विवरण | | उजुरीको व्यहोरा |
|---|---|---|---|---|---|
| | नामथर | ठेगाना | नामथर | ठेगाना | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**सहयोग समितिको**
नामथर :
पद :
समय :
हस्ताक्षर :
मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची ९**
**(दफा २१ सँग सम्बन्धित)**
**उम्मेदवारको नामावली प्रकाशन**

श्री ................................................... विद्यालय ..............................चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समितिको सदस्य / महिला सदस्य पदको उम्मेदवार हुनको लागि दर्ता भएका मनोनयनपत्रहरूको जाँच गर्दा विद्यालय व्यवस्थापन गठन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम कायम रहेको उम्मेदवारहरूको नामावली कार्यविधिको दफा २१ बमोजिम प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | मनोनयनपत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर वर्णानुक्रमअनुसार | स्थायी ठेगाना | बाबु / पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**संयोजकको**
नाम :
सही :
मिति :

**अनुसूची १०**
**(दफा २२ (१) सँग सम्बन्धित)**
**उम्मेदवारको नाम फिर्ता लिएको निवेदन र निर्णय**

**श्री संयोजकज्यू**
**श्री ......... विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति**

**विषय : उम्मेदवारको नाम फिर्ता लिएको सम्बन्धमा ।**

उपर्युक्त विषयमा श्री .............. विद्यालय ................... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनोटका लागि उम्मेदवार हुन मेरो मनोनयनपत्र दर्ता भइ मितिमा .......... प्रकाशित उम्मेदवारको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचनमा उम्मेदवार हुन मलाई हाल इच्छा नभएकोले आफ्नो राजीखुसीले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ को दफा २२ को दफा (१) बमोजिम मेरो नाम फिर्ता लिएको छु ।

**उम्मेदवारको**
नाम :
ठेगाना :
सही :
मिति :

**संयोजकले गर्ने निर्णय**

माथि उल्लेखित व्यहोरा बमोजिम मिति .............. गते दिनको ........... बजे म समक्ष पेस भएको उक्त निवेदनमा उम्मेदवारको सूचीबाट नाम हटाउन म सन्तुष्ट भए / नभएकोले श्री ...................... को नाम उम्मेदवारको नामावलीबाट हटाउने / नहटाउने निर्णय गरियो ।

**संयोजकको**
नाम :
सही :
मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

अनुसूची ११
(दफा २२ (२) सँग सम्बन्धित)

**उम्मेदवारको नामवलीबाट नाम फिर्ता लिएको सूचना !**
**(प्रकाशन मिति : ....................)**

श्री ............... विद्यालय .................... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनोटका लागि उम्मेदवारी दर्ता भइ उम्मेदवार हुनुभएका तपसिलबमोजिमका व्यक्तिहरूले आफ्नो नाम उम्मेदवारबाट फिर्ता लिएकोले निजको नाम उम्मेदवारको नामावलीबाट हटाइएकोले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ को दफा २२ को उपदफा २ बमोजिम उम्मेदवारको नमावलीबाट नाम हटाइएको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | नामथर | बाबु / पतिको नाम | उमेर | लिङ्ग | ठेगाना | विद्यार्थीको नाम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**संयोजकको**
नाम :
सही :
मिति :

**अनुसूची १२**
**(दफा २३ सँग सम्बन्धित)**

**उम्मेदवारको अन्तिम नामवली प्रकाशन गरिएको सूचना !**
**(प्रकाशन मिति : ...................)**

श्री .............. विद्यालय ................... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनोटका लागि उम्मेदवारी दर्ता भइ उम्मेदवार हुनुभएकामध्येबाट विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ को दफा २३ बमोजिम कायम रहेका उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गरिएको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | मनोनयपत्र दर्ता नं. | पद | उम्मेदवारको नामथर (वर्णानुक्रम अनुसार) | स्थायी ठेगाना | बाबु / पतिको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**संयोजकको**
नाम :
सही :
मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**अनुसूची १३**

**(दफा २६ सँग सम्बन्धित)**

**निर्विरोध निर्वाचित भएको घोषणा भएको सूचना !**

**(प्रकाशन मितिः ...................)**

श्री .............. विद्यालय ................... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समिति सदस्य / महिला सदस्य पदमा छनोटका लागि उम्मेदवार हुन ......... जनाको मात्र उम्मेदवारी कायम हुन आएकोले विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ को दफा २९ बमोजिम तपसिलका उम्मेदवारहरू निर्विरोध निर्वाचित घोषणा भएको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.स. | नामथर | ठेगाना | लिङ्ग | विद्यार्थी | नाता | कक्षा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**संयोजकको**

नाम :

सही :

मिति :

**अनुसूची १४**
**(दफा २७ सँग सम्बन्धित)**

**<u>प्रमाणपत्र</u>**

श्री ........................................ विद्यालय ................... चौरजहारी नगरपालिका ........ रुकुम (पश्चिम भाग) को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष / सदस्य / महिला सदस्य पदका लागि भएको निर्वाचनमा विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ बमोजिम ................ जिल्ला ............ गाउँ / नगरपालिका ............. ........... निवासी तपाईं श्री ........................... अध्यक्ष / सदस्य / महिला सदस्य पदमा निर्विरोध / बहुमत निर्वाचित हुनुभएकोमा स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएको छ।

**संयोजकको**
नाम :
सही :
मिति :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

अनुसूची १५
दफा २८  सँग सम्बन्धित

## शपथग्रहण फाराम

म ................ ईश्वर / विद्यालय र अभिभावकको नाममा सत्य निष्ठा साथ शपथ लिन्छु कि विद्यालय व्यवस्थापन समिति सदस्यको हैसियतले मलाई मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म  तथा कर्तव्य सम्झर समुदाय, विद्यार्थी र अभिभावकप्रति बफादार रही भय, पक्षपात र द्वयस नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही चौरजहारी नगरपालिकाको नगर शिक्षा ऐन, नियमावलीका साथै प्रचलित  कानुनको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु। मलाई ज्ञात हुन आएको कुनै कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई भन्ने वा सङ्केत गर्ने छैन।

**सपथ गराउने**

नाम :
पद :
मिति :
हस्ताक्षर :

**सपथ गर्ने**

नाम :
पद :
मिति :
हस्ताक्षर :

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

आज्ञाले,
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत